स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री सुरक्षा पन्तको मुख्य भूमिका रहेको फिल्म ‘खेल’ आगामी बैशाख १२ गतेबाट प्रदर्शनमा आउने भएको छ। आइतबार फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै निर्माण कम्पनी सिरुपाते फिल्म्सले प्रदर्शन मिति घोषणा गरेको हो। उक्त मितिमा अर्को फिल्म ‘भूठान’ (द वल्र्डर्स ह्याप्पिएस्ट म्यान) पनि प्रदर्शनमा आउँदैछ। अर्थात् बैशाख १२ गते दुई फिल्मबीच भिडन्त हुने भएको छ।

**आजको विचार...**



पूर्णिमा...
*(दुई पेजमा)*

अजयकुमार झा

(दुई पेजमा)

कृषा चौलागाईं निर्देशित मल्टिस्टारर एक्सन ड्रामा ‘पिताम्बर’को टिजर सार्वजनिक भएको छ। २ मिनेट रनटाइमको टिजरले कथावस्तु र चरित्र चित्रणबारे दर्शाएको छ। टिजर हेर्दा लाग्छ, ‘पिताम्बर’ बदलाको कथामा आधारित छ। दिव्यदेवले महाभारतको चर्चित उद्धरण ‘यदा यदा हि धर्मस्य’ वाचन गरेपछि टिजर सुरु हुन्छ। त्यसपछि आउँछन् अनुपविक्रम शाही, सुपुष्पा भ, सुरक्षा पन्त, प्रमोद अग्रहरि, दयाहाङ राई र प्रदीप खड्का। दयाहाङ प्रहरीको रोलमा छन् भने प्रमोद खलनायक चरित्रमा।



❒ वर्ष ३० ❒ अंक १७२ ❒ २०८१ माघ १ गते मंगलबार 14 January 2025, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# देश विकासका लागि सहकारीको विकल्प छैन : मन्त्री पन्थी

**कृष्ण पोखरेल**

**पाल्पा,** पौष २९ /लुम्बिनी प्रदेश सरकारका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री दिनेश पंन्थीले देश विकासका लागि सहकारीको विकल्प नरहेको बताएका छन् । सहकारी संघ लिमिटेड पाल्पाको १२ औं साधारणसभा तथा पाँचौ अधिवेशनलाई आइतबार तानसेनमा सम्बोधन गर्दै सहकारी मन्त्री पंन्थीले आर्थिक विकासमा सहकारी योगदान महत्वपूर्ण रहेको उल्लेख गर्दै अहिलेको अवस्थामा देश विकासका लागि सहकारीको विकल्प नरहेको बताएका हुन् ।

उनले सहकारीको व्यस्थित सञ्चालन, परिचालन र नियमनबाटै देशको उन्नती प्रगती हुने धारणा व्यक्त गरे । अहिले केही पक्षले सबै सहकारी गलत छन्, सहकारीमा कुनै कारोबार गर्नुहुँदैन भन्ने जनतामा भ्रम छर्ने काम गरिरहेकाले जिल्लाका सबै सहकारीहरुले आ-आफ्नो क्षेत्र र सदस्यहरुमा विश्वास दिलाउनु पर्ने समय आएको मन्त्री पन्थीको भनाई छ । मन्त्रालयले १२ वटै जिल्लाका ८ सय ४८ वटा सहकारीको प्रत्यक्ष अनुगमन गरेर अति उत्तम, उत्तम, मध्यम, ठिकै, खराब र अति खराब समुहमा विभाजन गरेर जनतालाई प्रष्ट पार्ने काममा लागेको



सहकारी मन्त्री पंन्थीले बताए । जिल्लाका १०९ वटै पालिकाका सहकारी शाखाका प्रमुख, कर्मचारीहरुलाई मन्त्रालयले सहकारीको पछिल्लो ऐन नियम कानुन अनुसार तालिम प्रदान गर्ने र उनीहरुमार्फत पालिकामा सहकारीहरुलाई तालिम प्रदान गरी नियमनको काममा मन्त्रालय लागिरहेको उनले बताए । मन्त्रालयमा २० करोड रकम रहेकाले सहकारीको उत्पादन, बजारीकरणको लागि खर्च गर्ने कामका लागि मन्त्रालयले आवश्यक कार्यविधी निर्माणमा लागेको सहकारी मन्त्री पन्थीले बताए । जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनालले स्वअनुशासनदेखी सहकारीका सिद्धान्त र नियमपालना गरेर काम गरेमा सहकारी कहिल्यै समस्याग्रस्त नहुनेमा जोड दिए । पुर्वखोला गाउँपालिकाका अध्यक्ष नुन बहादुर थापाले सहकारी ग्रामीण जीवन जिउने आधार भएकाले व्यवस्थित गर्दै लैजानुपर्नेमा जोड दिए । लुम्बिनी प्रदेश बचत तथा ॠण सहकारी संस्थाका अध्यक्ष कृष्ण नेपालले सहकारीले जुन-जुन क्षेत्रमा कारोबार र संलग्नता रहन्छ त्यसको अनुगमन गर्नुपर्ने आवश्यक रहेको बताए । कार्यक्रममा नेपाली काँग्रेसका नेता माधव नेपाल, नेकपा एमालेका अध्यक्ष ओमबहादुर घर्तिमगर, नेकपा माओवादी केन्द्रका संयोजक राजेन्द्र वि.क., राष्ट्रिय स्वतन्त्र पार्टीका उपाध्यक्ष सुमन गैरे, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष डुलबहादुर कुवँर, राष्ट्रिय जनमोर्चाका अध्यक्ष विशाल दर्लामी, नेकपा एकिकृत समाजवादीका जिल्ला उपाध्यक्ष मोहन गेरै, लुम्बिनी प्रदेश बचत तथा ॠण सहकारी संस्थाका सचिव तथा जिल्ला बचत तथा ॠण सहकारी संघ पाल्पाका अध्यक्ष जगदीश भट्टराई, सहकारी अभियन्ता टिका बहादुर भण्डारी, नेपाल पत्रकार महासंघ पाल्पाका सचिव रामचन्द्र रायमाझी, महिला उद्यमी सहकारी संस्थाकी अध्यक्ष राधा पौडेल, षटकोष बचत तथा ॠण सहकारी संस्थाका सदस्य झपेन्द्र खनाल लगायतले पाल्पा जिल्लाको सहकारीको अवस्था, उत्पादन तथा रोजगारीमा सहकारीले खेलेको भुमिका, कृषि तथा पशुपालनदेखी बजार व्यवस्थापनमा पाल्पाका सहकारीले चालेका कदमहरुको बारेमा चर्चा गरेका थिए । कार्यक्रममा सहकारीका जिल्ला अध्यक्ष भुपति पाण्डेले बार्षिक प्रतिवेदन प्रस्तुत गर्दै संस्थामा १ सय ३४ वटा सहकारी संस्था आवद्ध भएकोमा १ सय १३ वटा सहकारीको प्रतिनिधित्व गरी ९७ प्रतिशत सदस्यहरुको सहभागीता भएको बताए । संस्थाका अध्यक्ष पाण्डेले बर्षभरी गरेका कामहरु र आगामी दिनमा गर्ने कार्ययोजना बारेमा जानकारी गराएका थिए । संघले सोही अवसरमा उत्कृष्ट कार्यसम्पादन गरेका सहकारी र स्थानीय तहलाई सम्मान समेत गरेको छ । सम्मानित हुनेहरुमा नव युग कृषि सहकारी संस्था, साना किसान कृषि सहकारी संस्था, गल्धा महिला सामाजिक उद्यमी सहकारी संस्था र पुर्वखोला गाउँपालिकालाई सम्मान गरेको छ । सभामा संघका लेखा सुपरिवेक्षण समितिका संयोजक श्रीकृष्ण आत्रेयले वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गरेका थिए संस्थाका अध्यक्ष भुपति पाण्डेको अध्यक्षता,उपाध्यक्ष शारदा नेपालको स्वागत, सचिव कृष्ण भुसालको सञ्चालनमा उद्घाटन सत्र कार्यक्रम भएको थियो ।

## संक्षिप्त समाचार

### ब्राजिलमा पहिरोमा परी १० को मृत्यु

(रासस/एएफपी)

**ब्रासिलिया,** पौष २९/ब्राजिलको दक्षिणपूर्वी क्षेत्रमा मुसलधारे वर्षाका कारण गएको पहिरोमा परी कम्तीमा १० जनाको मृत्यु भएको मिनास गेरैस राज्यको उद्धार निकायले आइतबार जनाएको छ । पहिरोले घरहरू भत्काएको र भग्नावशेषमुनि फेला परेका आठ वर्षीय बालकसहित हालसम्म नौ जनाको मृत्यु भएको छ । उद्धार टोलीले नजिकैको सान्ताना डो पाराइसो शहरमा अर्को मृत शरीर फेला परेको बताएको छ । आइतबार साँझसम्म पहिरोमा परी एक जना वेपत्ता भएका र चार जनाको उद्धार गरिएको छ । मिनास गेरैस राज्यका गभर्नर रोमेउ जेमाले सामाजिक सञ्जालमा एक विज्ञप्ति जारी गर्दै पहिरोमा परिवारका सदस्य र आफन्त गुमाएका व्यक्तिहरूको दुःखमा सरकार रहने भन्दै समवेदना प्रकट गरेका छन् ।

## सूचना

*माघे संक्रान्ति पर्व २०८१* **को पावन अवसरमा हाम्रा ग्राहकवर्ग, विज्ञापनदाता, पत्रकार, शुभचिन्तक तथा कर्मचारीहरूमा** ***हार्दिक शुभकामना*** **व्यक्त गर्दछौं । साथै माघे संक्रान्तिको अवसरमा माघ १ गते मंगलबार दैनिकको कार्यालय बन्द हुने हुँदा हाम्रो आगामी अंक माघ ३ गते बिहीबार मात्र प्रकाशन हुने समेत जानकारी गराइन्छ । सं.**

जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

**धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं**

- धुम्रापान र मद्यपानले जाडो घट्ने वा हट्ने होईन.
- यसले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरजस्ता दीर्घकालीन रोग लाग्न सक्छ,
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं,
- कुलतमा रहेकाले त्याग्ने प्रण गरौं,
- धुम्रपानले तपाई र तपाईको परिवारका साथै नजिक रहेका व्यक्तिलाई समेत असर पुऱ्याउँछ ।

त्यसैले,
धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# आज माघे संक्रान्ति पर्व, देशभर सार्वजनिक विदा

**सीमा भट्टराई**

**पाल्पा,** पौष २९/आज माघ १ अर्थात् माघे संक्रान्ति । माघे संक्रान्ति मुलुकभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ । थारू, मगर, किराँत समुदायले माघ १ गतेलाई नयाँ वर्षका रूपमा धुमधामका साथ स्नान, दान, एवं खानपिन र रमाइलो गरेर मनाउँछन् ।

आज नेपालमा विभिन्न नदीनाला, सागर तथा त्रिवेणीमा गएर स्नान गर्नुका साथै पूजाआजा गर्ने प्रचलन रहेको छ । माघे संक्रान्तिका दिनबाट सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गरी उत्तरायण हुने भएकाले यसलाई ‘मकर संक्रान्ति’ पनि भन्ने गरिन्छ । धार्मिक मान्यताअनुसार पनि माघ महिना विशेष हुन्छ । सामान्यतया पौष महिनामा विवाह व्रतबन्ध जस्ता कार्यक्रम नहुने हुँदा माघ सुरु भएलगत्तै विवाहलगायत शुभकार्य गर्ने चलन पनि



रही आएको छ । विविध जाति, समुदाय र सम्प्रदायको बाहुल्यता रहेको हाम्रो देशमा यो पर्व धेरैले मनाउने गरेको पाइन्छ । पाल्पामा बसोबास गर्दै आएका मगर समुदायले पनि आफ्नो महान चाड माघे संक्रान्ति धुमधामका साथ मनाउँदै छन् । माघे संक्रान्तिको अवसरमा सरकारले आज सार्वजनिक विदा समेत दिएको छ । यस पर्वमा देवघाट, बराहक्षेत्र, रिडी, पनौती, दोलालघाट, कन्काई तथा भारतको प्रयाग र गंगा सागर लगायतका नदी र घाटमा स्नान, दान, श्राद्ध आदि गर्नेको ठूलो भिड लाग्ने गर्दछ । नेपालको समस्त भूभाग, हिमाल, पहाड र तराईका बसोबास गर्ने छेत्री, बाहुन, राई,मगर, लिम्बु, नेवार, गुरुङ, मगर आदि सबै जनजातीले माघे संक्रान्तिलाई आ-आफ्ना परम्परा, भिन्नभिन्न विशेषता र प्रकृतिले मनाउने गरेको पाइन्छ ।

माघ संक्रान्तिमध्ये जाडोको रमाइलो पर्व पनि हो । यसदिन तेल लगाउने प्रचलन पनि छ । यो पर्व धार्मिक र आध्यात्मिक रुपमा निकै नै महत्वपूर्ण रहेको छ । यसले देशको भौगोलिकता, जातीयता एवं साँस्कृतिक विविधताको प्रतिनिधित्व गर्दै आएको छ । मगरहरूको राष्ट्रिय पर्व घोषणा भइसकेको माघे संक्रान्ति पूर्व र पश्चिम अर्थात् मगरहरू बीचमै पनि भिन्न विशेषता र प्रकृतिमा मनाइने गरेको छ । माघे संक्रान्तिलाई मगर समुदायले तीन दिनसम्म धुमधामका साथ चेलीबेटी पुज्ने र पितृ पुजा गर्ने पर्वका रूपमा मनाउने गरेको पाइन्छ ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

## सम्पादकीय

# साझा पर्व : माघे संक्रान्ति

सबै नेपालीले एकसाथ मनाउने साझा पर्व हो माघे संक्रान्ति । तराईका आदिबासी थारु हुन् वा मगरले माघीलाई नयाँ वर्षका रुपमा स्वागत गर्छन् । विशेष गरि हिन्दू, बुद्धमार्गी र किरँत समुदायको साझा पर्वको दिन हो माघ १ अर्थात माघे संक्रान्ति । हिन्दू समुदायले माघे सक्रान्ति अर्थात मकर संक्रान्तिका रुपमा मनाउने यो दिनलाई मगर समुदायले माघे सकराती भनेर मनाउने गरेका छन् । त्यस्तै थारु समुदायले माघी र खिचरा पर्वका रुपमा मनाउने यो दिनलाई राई समुदायले येले थेचे र सुनवार समुदायले सामी पिदार पर्वका रुपमा मनाउँछन् । नेपालको समस्त भूभाग, हिमाल, पहाड र तराईका बसोबास गर्ने क्षेत्री, बाहुन, राई,मगर , लिम्बु, नेवार, गुरुङ, मगर आदि सबै जनजातीले माघे संक्रान्तिलाई आ–आफ्ना परम्परा, भिन्नभिन्न विशेषता र प्रकृतिले मनाउने गरेको पाइन्छ । यो साझा चाड रहेकाले माघे संक्रान्तिका दिन सरकारले सार्वजनिक विदा समेत दिएको छ । समुदाय विशेषमा यो पर्व मनाउने तरिका भने फरक छ । तर सबैले आपसमा भेटघाट, रमाइलो र आफ्ना परम्परागत परिकारहरुका साथमा यो पर्व मनाउछन् । नेपालको एक प्रमुख चाड मध्ये यो एक हो । यो माघ महिनाको पहिलो दिन पर्दछ । यसलाई माघे संक्रान्ति, मकर संक्रान्ति, माघी आदि नामले पनि चिनिन्छ । यो दिन देखि सूर्य दक्षिणी गोलार्धबाट उत्तरी गोलार्ध तर्फ प्रवेश गर्ने भएकाले दिन लामो र रात छोटो हुँदै जाने विश्वास गरिन्छ ।

माघे र मकर संक्रान्ति पर्व नेपाल भर विभिन्न पवित्र नदी, सागर तथा त्रिवेणीमा स्नान गरी मन्दिरमा पूजाआजाका साथै घिउ, चाकु, तिलको लडडु र तरुल खाई मनाइन्छ । यस पर्वमा देवघाट, बराहक्षेत्र, रिडी, पनौती, दोलालघाट, कन्काई तथा भारतको प्रयाग र गंगा सागर लगायतका नदी र घाटमा स्नान, दान, श्राद्ध आदि गर्नेको ठूलो भिड लाग्ने गर्दछ । माघ संक्रान्तिमध्ये जाडोको रमाइलो पर्व पनि हो । यस दिन तेल लगाउने प्रचलन पनि छ । यो पर्व धार्मिक र आध्यात्मिक रुपमा निकै नै महत्वपूर्ण रहेको छ । यसले देशको भौगोलिकता, जातीयता एवं साँस्कृतिक विविधताको प्रतिनिधित्व गर्दै आएको छ । यस दिनमा तिलको होम र दान गर्नाले वा खानाले अथवा प्रयोग गर्नाले त्यो व्यक्ति कहिल्यै असफल हुँदैन भन्ने धार्मिक विश्वास पनि छ । उक्त दिन नदीका दोभानमा गई शुद्ध भई सिधा दान गर्नाले पुण्य प्राप्त भई रोगब्याधिबाट मुक्त भइने जनविश्वास पनि छ । धार्मिक दृष्टिले मात्र होइन, वैज्ञानिक तबरबाट पनि माघे संक्रान्तिलाई उत्तिकै महत्वपूर्ण मानिएको छ ।

## Opinion @ Social Network

जरूरी छैन सबैले मेरो महत्त्व बुझुन, तराजुले त केबल तौल नाप्छ गुणस्तर हैन।
***माया गाहाको फेसबुकबाट*** ;*https://www.facebook.com/Maya.Gaha*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# पूर्णिमा, संक्रान्ति र कुम्भस्नान पर्व



अजयकुमार झा

*सूर्य देवतालाई जीवनको स्रोत मानिन्छ, जसले प्राणी मात्रलाई जीवन र पोषण प्रदान गर्दछ । सूर्यको किरणहरूमा स्वास्थ्य प्रवर्द्धन गर्ने गुणहरू छन्, जसले शरीरलाई शक्ति प्रदान गर्दछ र रोगहरूबाट सुरक्षा दिन्छ । सूर्य उपासनाले आध्यात्मिक प्रगति हुन्छ, आत्मालाई शुद्ध बनाउँछ र आत्म–बल तथा आत्म–विश्वास बढाउँछ । सूर्य पूजा सर्वाधिक प्रचलित पूजा परम्परा हो । सूर्यको पूजा गर्दा जल, फूल, अक्षता र चन्दनसहित सूर्यलाई अर्घ्य दिइन्छ । छठ पर्व पनि सूर्य पूजाको एक प्रसिद्ध पर्व हो । मकर संक्रान्ति नेपाल र भारतका विभिन्न भागमा विभिन्न नाम र परम्पराका साथ मनाइन्छ । मिथिलामा मकर सङ्क्रान्ति धुमधामका साथ मनाइन्छ । यहाँ यस पर्वलाई तिला सङ्क्रान्ति पनि भनिन्छ । यस दिन प्रत्येक परिवारमा प्रात:कालमा स्नान गरी देवतापितरलाई तिल गुड अर्पित गरी आफू पनि तिल गुड खिचडी खाने चलन छ । आमाबुबाले सन्तानलाई अक्षता, तिल र गुड मिसाएर आफ्नै हातले मुखमा तीन–तीन पटक खुवाउँछन् र त्यो खुवाउँदै गर्दा 'तिल–तिल बहब' भनी सोध्छन् भने सन्तानहरूले पनि 'बहबै' भनी जवाफ दिन्छन् । यसको तात्पर्य छोराहरूमा आमाबाबुप्रतिको सेवाको दायित्व तिल–तिल गरी अर्थात् हरेक तरहले वहन गर्नुपर्छ भन्ने संस्कार दिनु हो । मिथिलामा तिला सङ्क्रान्तिको दिन तिल र गुडबाट लडडु बनाएर खाने चलन पनि छ, जसलाई 'लाय' भनिन्छ । यस्तो लाय मुरही (भुजा) र चुडा (चिउरा) को पनि बनाइन्छ ।*

प्राणी मात्रको जीवनमा स्नानक्रिया वा स्नान गर्ने स्वभावको आफ्नै स्थान छ । मान्छेले शरीरका बाहिरी अवयवलाई सफा गर्न स्नान गर्छ । यसबाहेक सूर्य स्नान, वायु स्नान, मन्त्र स्नान आदिको चर्चा पनि शास्त्रमा पाइन्छन् । तर जल स्नान आधारभूत र सर्वोपरि स्नान हो, जो नियमित गरिन्छ । स्नानले शरीरबाट पसिना, धुलो, मयल र विषाक्त तत्त्वहरूलाई हटाउँछह छालाका प्वालहरूलाई सफा गर्छ, जसले गर्दा छाला स्वस्थ र चमकदार रहन्छ । छाला स्वस्थ र स्वच्छ राखेर विभिन्न रोगबाट जोगिन सकिन्छ । नियमित र सही तरिकाबाट गरिने स्नानले जीवनमा सन्तुलन र शुद्धता ल्याउँछ । दिन चर्यामा अनुशासन र नियमितता ल्याउने एक माध्यम पनि हो स्नान । यसले दिनको सुरुवातमा नयाँ ऊर्जा र उत्साह भर्छ । स्नान शरीरलाई पवित्र राख्ने माध्यम हो र यसले आत्मिक शुद्धि प्रदान गर्छ । मानसिक र आध्यात्मिक जागरणमा स्नानको विशेष महत्त्व छ ।

सनातन संस्कृतिमा स्नानलाई आत्मशुद्धिको प्रतीक मानिएको छ । पूजापाठ र धार्मिक अनुष्ठान प्रारम्भ गर्नुअघि स्नान गर्नु आवश्यक मानिएको छ । सनातन संस्कृतिमा स्नान एक तीर्थको रूपमा पनि स्थापित छ । तीर्थ भनेको त्यो पवित्र र पुण्य स्थान हो, जहाँ धर्मभावले मानिस स्नानका लागि यात्रा गर्दछ । कोशी, गंगा, यमुना, सरस्वती आदि अनेक पवित्र नदीहरू छन्, जसमा स्नान गर्नाले पापको नाश र मोक्ष प्राप्ति हुन्छ । पुसे पूर्णिमा, मकर सङ्क्रान्ति, कुम्भ आदि विशिष्ट स्नान पर्व हुन् । यस वर्ष यही पुस मसान्तको दिन सोमवार पुसे पूर्णिमा परेको छ भने यसको भोलिपल्ट अर्थात् मंगलवार मकर सङ्क्रान्ति । यी दुवै दिवस यसपटक लगातारको दुई दिन विशेष स्नान–पर्वका रूपमा संयोग परेको छ । पुस शुक्ल पूर्णिमा (पुसी पूर्णिमा)को दिन नदी, तलाउ, पोखरी, दह, कुण्ड, ताल, सरोवर आदि जलाशयमा गएर स्नान गर्ने लामो समयदेखिको परम्परा छ । यसै गरी मकर स्नानको पनि आफ्नै प्रसिद्धि छ । पुसी पूर्णिमा एक स्नान–पर्व हो, जो पौष मासको पूर्णिमाको दिन मनाइन्छ । पुसी पूर्णिमाको दिन जलाशयमा स्नान गरेपछि जीवनमा प्रायश्चित र सन्तोष प्राप्त हुन्छ । यो दिन धार्मिक र सांस्कृतिक रूपले अत्यधिक महत्त्वपूर्ण छ ।

पुसी पूर्णिमा भगवान विष्णु र चन्द्रदेवको विशेष पूजाका लागि जानिन्छ । पूर्णिमाको दिन चन्द्रदेवको विशेष पूजा गरिने परम्परा छ । अझ यस पूर्णिमामा चन्द्रमाको प्रभाव अधिक रहने बताइन्छ । यस दिन पवित्र नदीमा स्नान गर्नु र दानपुण्य गर्नुको निकै महत्त्व छ । सप्तरी, सुनसरी लगायतका बासिन्दा सप्तकोशी नदीमा स्नान गर्न आउँछन् । कोशी ब्यारेजको दुवै किनारमा नुहाउनेहरूको ठुलो घुइँचो लाग्छ । कोशी ब्यारेजमा सीमावर्ती भारतीय समेत आउँछन् । कोशी ब्यारेजको दुवैतिर गाउँदेखि आउने बयलगाडादेखि सहरदेखि आउने मोटरगाडा लाम लागेका हुन्छन् । यहाँ मात्र होइन, कोशी नदीको छेवैछेउ, जहाँ जहाँ मानिसको बस्ती छ, हरेक बस्तीका मानिस नजिकको घाटमा गएर नुहाएर स्नानपर्वको धर्म निर्वाह गर्छन् । कौशिकीदेवीको मूर्ति स्थापना गरी आराधन गर्ने गरिन्छ । धार्मिक प्रवचन, भजन–कीर्तनजस्ता कार्यक्रम आयोजित गरिन्छ । घाट–घाटमा मेला लाग्छ । कतै–कतै सरकारी निकायहरूले पनि कृषि मेलाको आयोजना गर्छन् । कोशी–स्नान नुहाएर जप–तप गरिसकेर तात्तातो जिलेबी (जेरी) खानु पुसी पूर्णिमाको परम आनन्द हो । नदीमा जान नसक्नेहरू आफ्नो घरनजिकको जलाशयमा स्नान गर्छन् । यस वर्ष पुसी पूर्णिमाको स्नान सकेको भोलिपल्टै मकर स्नानको योग जुरेको छ ।रु माघ मासको सङ्क्रान्ति, जसलाई मकर संक्रान्ति भनिन्छ, सनातन संस्कृतिको एक प्रमुख चाड हो, जुन सूर्यको मकर राशिमा प्रवेश गर्ने समयमा मनाइन्छ । सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्छ र उत्तरायण सुरु हुन्छ । सूर्यको दिशा दक्षिणबाट उत्तरतर्फ परिवर्तन हुने भएकाले यो शुभ समय मानिन्छ र सूर्यको मकर राशिमा प्रवेश गरेको दिन मकर संक्रान्तिको पर्व मनाइन्छ । मकर सङ्क्रान्ति सूर्य उपासनाको पर्व हो । यस दिन सूर्यदेवको पूजा गरी आशीर्वाद प्राप्त गरिन्छ । सनातन संस्कृति र धर्ममा सूर्य पूजाको धेरै महत्त्वपूर्ण स्थान छ । यो प्राचीन वैदिक परम्पराको एक हिस्सा हो, जसमा सूर्यलाई जीवन, ऊर्जा र स्वास्थ्यको स्रोत मानिन्छ । सूर्य उपासना मुख्यतया ब्रह्माण्डको पालनपोषणकर्ता मानिने सूर्यदेवको पूजा हो । सूर्य देवतालाई जीवनको स्रोत मानिन्छ, जसले प्राणी मात्रलाई जीवन र पोषण प्रदान गर्दछ । सूर्यको किरणहरूमा स्वास्थ्य प्रवर्द्धन गर्ने गुणहरू छन्, जसले शरीरलाई शक्ति प्रदान गर्दछ र रोगहरूबाट सुरक्षा दिन्छ । सूर्य उपासनाले आध्यात्मिक प्रगति हुन्छ, आत्मालाई शुद्ध बनाउँछ र आत्म–बल तथा आत्म–विश्वास बढाउँछ । सूर्य पूजा सर्वाधिक प्रचलित पूजा परम्परा हो । सूर्यको पूजा गर्दा जल, फूल, अक्षता र चन्दनसहित सूर्यलाई अर्घ्य दिइन्छ । छठ पर्व पनि सूर्य पूजाको एक प्रसिद्ध पर्व हो । मकर संक्रान्ति नेपाल र भारतका विभिन्न भागमा विभिन्न नाम र परम्पराका साथ मनाइन्छ । मिथिलामा मकर सङ्क्रान्ति धुमधामका साथ मनाइन्छ । यहाँ यस पर्वलाई तिला सङ्क्रान्ति पनि भनिन्छ । यस दिन प्रत्येक परिवारमा प्रात:कालमा स्नान गरी देवतापितरलाई तिल गुड अर्पित गरी आफू पनि तिल गुड खिचडी खाने चलन छ । आमाबुबाले सन्तानलाई अक्षता, तिल र गुड मिसाएर आफ्नै हातले मुखमा तीन–तीन पटक खुवाउँछन् र त्यो खुवाउँदै गर्दा 'तिल–तिल बहब' भनी सोध्छन् भने सन्तानहरूले पनि 'बहबै' भनी जवाफ दिन्छन् । यसको तात्पर्य छोराहरूमा आमाबाबुप्रतिको सेवाको दायित्व तिल–तिल गरी अर्थात् हरेक तरहले वहन गर्नुपर्छ भन्ने संस्कार दिनु हो । मिथिलामा तिला सङ्क्रान्तिको दिन तिल र गुडबाट लडडु बनाएर खाने चलन पनि छ, जसलाई 'लाय' भनिन्छ । यस्तो लाय मुरही (भुजा) र चुडा (चिउरा) को पनि बनाइन्छ । चिउराको लायमा अदुवा हालिएको हुन्छ, जसले गर्दा त्यसको स्वाद विशिष्ट हुन पुग्छ । तिलको सनातन संस्कृति, आयुर्वेद र धार्मिक परम्परामा निकै महत्त्वपूर्ण स्थान छ । यसै माघ महिनाको कृष्ण पक्षको एकादशीको नाम षट्तिला एकादशी हो । यसमा तिलको व्यवहार र दानको धेरै फल प्राप्त हुने भनिएको छ ।

तिलका ६ प्रकारको व्यवहार गर्ने व्यक्तिलाई षट्तिली भनिन्छ । तिलोद्वर्तन, तिलस्नान, तिलहोम, तिलको दान, तिल–भक्षण र तिलवपन तिलका ६ वटा व्यवहार हुन् । मकर सङ्क्रान्तिको दिन खिचडी खाने चलन पनि छ । अरुवा उच्च कोटिको सुगन्धित चामलको पकाइने तिला सङ्क्रान्तिको खिचडी चार–पाँच प्रकारको दाल र उपलब्ध भएसम्मको तरकारीहरू राखेर नुन, बेसार हाली धैर्यतापूर्वक पकाइने गरिन्छ । घ्यू, तेजपत्र, जिरा, हिङ, सुकेको खुर्सानीले झानेपछि खिचडीको स्वाद लाजबाब हुन्छ । शिशिर ऋतुमा पर्ने यो सङ्क्रान्ति पर्वमा शरीर शुद्ध गरी घिउ, तिल, गुड र खिचडी खानाले शरीरमा मौसमी आवश्यकता अनुसार प्रतिरोधी क्षमता वृद्धि हुन्छ । यस दिन शरीरमा तेल लेपन पनि गरिन्छ । यसो गर्नाले शरीर समृद्ध हुन्छ । यस वर्ष प्रयागराजमा कुम्भ स्नानको आयोजना गरिएको छ । भारत, उत्तर प्रदेशको प्रयागराजमा गंगा, यमुना र सरस्वती नदीको संगमस्थलमा कुम्भ गरिनेछ । यो १२ वर्षमा एकपटक हुने आयोजना हो, जो १३ जनवरी २०२५ को दिन सुरु भएर २६ फरबरी २०२५ को दिन पूर्ण हुनेछ । १२–१२ वर्षमा प्रयागराज, हरिद्वार, उज्जैन र नासिक स्थित गंगा नदीमा कुम्भ स्नानको आयोजना हुँदै आएको छ । नेपालमा सप्तकोशी नदीको किनारा चतराधाममा पनि १२–१२ वर्षमा कुम्भ स्नानको बृहत आयोजन हुँदै आएको छ ।

*–रातोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल


| | |
|---|---|
| **मेष** : राजनीतिक क्षेत्रमा प्रभाव बढ्नेछ। नोकरी वा पेशामा मनोबल बढ्नेछ। | **तुला** : काम बिगार्न चाहनेहरू अगाडि बढ्न सक्छन् । दौडधुप गर्नुपर्ने छ । |
| **वृष** : भाग्यले साथ दिनेछ भने काममा सफलता हात पर्नेछ । | **वृश्चिक** : आफन्त र मित्रवर्गको सहयोगले महत्त्वपूर्ण कार्य सम्पन्न हुनसक्छ । |
| **मिथुन** : समय त्यति राम्रो देखिँदैन । लेनदेनको कार्यमा विशेष ख्याल गर्नुहोला। | **धनु** : यात्रा गर्ने अवसर जुट्न सक्छ । वाणीमा कुशलता आउने योग छ । |
| **कर्कट** : जिम्मेवारी वहन गर्ने समय आएको छ । व्यापारमा सफलता हात लाग्नेछ । | **मकर** : परोपकारजन्य कार्यमा लगाव बढ्ने र धन सञ्चयको अवसर प्राप्त हुनेछ । |
| **सिंह** : रोकिएको काम पुन: प्रारम्भ हुनेछ। सामाजिक क्षेत्रमा धन खर्च हुनसक्छ । | **कुम्भ** : कार्यमा व्यस्त रहन पर्नेछ । अधिकार प्राप्तिका लागि संघर्ष गर्नुपर्ला । |
| **कन्या** : प्रियजनसँग सम्बन्ध समधुर रनेछ। सामाजिक क्षेत्रमा भ्रमण हुनसक्छ । | **मीन** : मन हर्षका साथ समय व्यतीत हुनेछ। आर्थिक क्षेत्रमा लगानीको समय छ। |

## विज्ञान/सूचना प्रविधि

# एनसेल बन्यो आइएसओ मान्यता पाउने पहिलो नेपाली दूरसञ्चार कम्पनी

एनसेलले प्रतिष्ठित आइएसओ २७००१:२०२२ ( आइएसएमएस) र २७७०१:२०१९ ( पीआइएमएस)को मान्यता पाउन सफल भएको छ । यसले डेटा सुरक्षा र गोपनीयतामा एनसेलको नेतृत्वदायी स्थानलाई थप मजबुत बनाएको कम्पनीले जनाएको छ । एनसेलले भनेको छ, 'यस उपलब्धिसँगै, एनसेल सूचना सुरक्षा व्यवस्थापन प्रणाली (आइएसएमएस) र गोपनीयता सूचना व्यवस्थापन प्रणाली ( पीआइएमएस) प्रमाणित हुने नेपालकै पहिलो दूरसञ्चार कम्पनी बनेको छ, जसले ग्राहकहरूको सूचना सुरक्षा सुनिश्चित गर्ने एनसेलको प्रतिबद्धतालाई पुन: पुष्टि गरेको छ । एनसेलको विश्वसनीयता र सूचना सुरक्षालाई अझ सुदृढ बनाउँदै कम्पनीको डेटा सेन्टर, ग्राहक सेवा र आईटी सर्भिसेज्ले यी मान्यताहरु प्राप्त गरेका हुन् ।' यी विश्वव्यापी मान्यताहरू प्राप्त गर्नु कम्पनीको सूचना सुरक्षा र गोपनीयता व्यवस्थापनलाई सुदृढ पार्ने निरन्तर प्रयासहरूको एक प्रमुख कोसेढुङ्गा भएको एनिलको भनाइ छ । 'यसले एनसेल निरन्तर सुधार र उत्कृष्टता प्रति आृनो प्रतिबद्धतामा अडिग रहेको, गुणस्तर र सुरक्षाप्रति सधै समर्पित रहेको स्पष्ट पार्दछ ।

सीइओका रुपमा, म यो अर्न्तराष्ट्रिय रूपमा मान्यता प्राप्त मापदण्ड प्राप्त गर्ने परिवर्तनकारी अनुभव साझा गर्न पाएकोमा हर्षित छु । यसले टेलिकम उद्योगमा उत्कृष्टताप्रति हाम्रो प्रतिबद्धतालाई उजागर गर्दछ । हाम्रो टिमको समर्पणमा म अत्यन्त गर्व गर्छु, र नवीन प्रविधि भित्राउन नेतृत्वदायी भूमिका निर्र्वाह गर्दै सूचना सुरक्षा र डेटा गोपनीयताका उच्चतम मापदण्डहरू कायम राख्नेछौं,' एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक जाब्बोर कायुमोभले भने । यी मान्यताहरु ग्राहक डेटा सुरक्षा र डेटा सेन्टर, ग्राहक सेवा र आईटी सर्भिसेज्मा गोपनीयता सुनिश्चित गर्ने अभ्यासहरुमा एनसेलले उच्चतम मापदण्डहरू पुरा गरेको प्रमाण भएको पनि कम्पनीको भनाइ छ ।




ग्राहक र साझेदारहरुका डाटा साइबर थ्रेट र अनधिकृत पहुँचबाट जोगाउन एनसेलले सशक्त उपायहरू कार्यान्वयन गरेको आइएसओ २७००१ मान्यताले सुनिश्चित गर्दछ । त्यसै गरी, आइएसओ २७७०१ ले व्यक्तिगत डेटा सुरक्षा गर्न, उल्लंघनको जोखिमलाई कम गर्न र गोपनीयतामा उत्कृष्ट अर्न्तराष्ट्रिय अभ्यासको अनुपालन गरेको सुनिश्चित गरेको बताइएको छ ।

*-रातोपाटी डटकम*

# भारतबाट अन्तरिक्षमा उपग्रह लञ्च गरिदै

भारतको अन्तरिक्ष अभियान ईसरोले सन २०२५ मा धेरैका लागि विशेष बनाउने भएको छ । आगामी ६ महिनामा ईसरोले एकपछि अर्को ठूला मिसनहरू प्रक्षेपण गर्न लागेको छ । तीमध्ये सबैभन्दा बढी चर्चामा रहेको गगनयान मिसन र भारत-अमेरिकाबीच अहिलेसम्मको सबैभन्दा महँगो संयुक्त उपग्रह 'निसार' अभियान हो । भारतीय सञ्चारमाध्यमका अनुसार यो संयुक्त अभियानको कथा यहाँ मात्र समाप्त हुँदैन, यसले चाँडै आफ्नो फोनबाट सीधा अन्तरिक्षमा कल गर्न सम्भव बनाउनेवाला पनि छ । इसरोले यही फेब्रुअरी र मार्च भित्रमा अमेरिकी संचार उपग्रह प्रक्षेपण गर्नेछ । यसको मद्दतले अब तपाईंको स्मार्टफोनले कल गर्न र अन्तरिक्षमा सीधा जडान गरेर इन्टरनेट प्रयोग गर्न सक्षम हुनेछ । विशेष कुरा यो हो कि यसका लागि कुनै विशेष ह्यान्डसेट वा टर्मिनल आवश्यक पर्दैन। यो पूर्ण रूपमा व्यावसायिक प्रक्षेपण हुनेछ, जसलाई इशरोका वाणिज्य शाखा न्यू अन्तरिक्ष इन्डिया लिमिटेडद्वारा कार्यान्वयन गर्दैछ ।

**यो मिशन के हो ?**

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन ( ईसरो) ले अमेरिकाको एसटी स्पेस मोबाइल कम्पनीको उपग्रह प्रक्षेपण गर्न लागेको हो । यो मिसन विशेष टेक्नोलोजीमा आधारित छ, जसले मोबाइल फोनलाई सिधै उपग्रहहरूमा जडान गर्ने क्षमता राख्नेछ । अमेरिकी कम्पनीले भारतबाट ठूलो सञ्चार उपग्रह प्रक्षेपण गर्न लागेको यो पहिलो पटक हो । भारतले अहिलेसम्म अमेरिकी कम्पनीका साना उपग्रह मात्रै प्रक्षेपण गर्दै आएको थियो । यो प्रविधिको उद्देश्य संसारको जुनसुकै कुनामा, चाहे त्यो पहाड होस्, जङ्गल होस् वा समुद्रको बीचमा मोबाइल नेटवर्क उपलब्ध गराउनु हो ।



यो अभियान सफल भएमा अब मोबाइल टावर विना पनि कल गर्न र इन्टरनेट सेवा लिनका लागि सहजै उपलब्ध हुने भएको छ । नेटवर्क कभरेज एक प्रमुख चुनौती भएको क्षेत्रका लागि यो क्रान्तिकारी साबित हुने इशरोले जनाएको छ ।

**यो प्रणाली कसरी काम गर्नेछ ?**

यो एक ठूलो र उन्नत उपग्रह हो, जुन प्रत्यक्ष देखि बिक्री प्रविधिमा डिजाइन गरिएको हो । यो स्याटेलाइटले फोनमा सिधै सिग्नलहरू पठाउनेछ, जसले गर्दा मोबाइलले कुनै मध्यवर्ती टावर वा नेटवर्क बिना काम गर्नेछ । अर्थात्, तपाईको स्मार्टफोनको लाइन सिधै अन्तरिक्षमा जडान हुनेछ । यो मिसन इसरोको लागि अर्को उपलब्धि हो, जसले अन्तर्राष्ट्रिय अन्तरिक्ष मिशनहरूमा भारतको भूमिकालाई अझ बलियो बनाउने भारतीय सञ्चारमाध्यमले उल्लेख गरेका छन् ।

एन्टेना आधा फुटबल मैदान बराबर

यस स्याटेलाइटको एन्टेना करिब ६४ वर्ग मिटरको हुनेछ, जुन आधा फुटबल मैदान बराबर हो । यसको तौल करिब ६००० किलोग्राम हुनेछ र भारतको श्रीहरिकोटाबाट ईसरोको एलभिएम-३ रकेट (बाहुबली) मार्फत अन्तरिक्षको कक्षमा राखिनेछ । यो प्रक्षेपण ईसरोको लागि ठूलो उपलब्धि हो किनभने यसले अमेरिकी कम्पनीहरूको भारतको रकेट र प्रक्षेपण प्रणालीमा विश्वास बढाउनेछ। यसअघि एलभीएम-३ ले वेन वेभ स्याटेलाइट तारामण्डललाई दुई पटक सफलतापूर्वक प्रक्षेपण गरिसकेको छ।

**यसको फाइदा :** विश्वव्यापी नेटवर्क कभरेज: अब दुर्गम क्षेत्रमा पनि नेटवर्क उपलब्ध हुनेछ । विपद् व्यवस्थापनमा **सहयोगी:** बाढी, भूकम्प वा कुनै पनि विपद्को समयमा मोबाइल टावरले काम नगर्दा यो प्रविधि निकै उपयोगी हुनेछ ।

**सस्तो र पहुँचयोग्य नेटवर्क:** मोबाइल नेटवर्क कम्पनीहरूको खर्चमा कमी आउनेछ, जसको प्रत्यक्ष लाभ उपभोक्तालाई हुनेछ । यो सेवा अन्तरिक्षबाट प्रत्यक्ष कलहरू प्रयोग गर्नका लागि कसैले पनि सेवा प्रदायकहरू जस्तो कि (एयरटेल, भोडाफोन, एनटीसी, एनसेल) जस्ता मोबाइल नेटवर्क उपलब्ध गराउने कम्पनी परिवर्तन गर्न नपर्ने कम्पनीले जनाएको छ । 'यसका लागि हामी विश्वभरका मोबाइल नेटवर्क अपरेटरहरूसँग काम गरिरहेका छौं', ईसरोले प्रारम्भिक जानकारी दिदैं भनेको छ ।

*-हाम्रा कुरा डटकम*

# युट्युब च्यानल चलाउनुहुन्छ ? नगर्नुहोस् यी गल्ती

भिडियो स्ट्रिमिंग प्लाटफर्म युट्युब केवल मनोरञ्जनको माध्यम मात्र होइन, कैयन् मानिसहरुका लागि आम्दानीको प्रमुख साधन पनि बनिसकेको छ । यस भिडियो प्लाटफर्ममा दैनिक लाखौं भिडियो अपलोड हुन्छन् र करोडौं मानिसहरुले घण्टौंसम्म युट्युबमा बिताउँछन् । यद्यपि युट्युबमा सफलता प्राप्त गर्नका लागि गुणस्तरीय सामग्रीसँगै यसका नियमहरुको पनि पालना गर्नु आवश्यक हुन्छ । एउटा सानो गल्ती मात्रैले पनि युट्युबमा तपाईंको मिहिनेतमा चिसो पानी नन्याइदिन सक्छ । यहाँसम्म कि तपाईंको युट्युब च्यानल बन्द हुने समस्या पनि निम्तिन सक्दछ यदि तपाईं युट्युबर हुनुहुन्छ वा युट्युबबाट आम्दानी गर्नुहुन्छ भने तपाईंले युट्युबका नियमहरुको पालना गर्नु कति महत्वपूर्ण छ भन्ने कुरा बुझ्नु आवश्यक हुन्छ । तपाईंले यी गल्तीहरुबाट बँचेर आृनो युट्युब च्यानललाई सुरक्षित राख्न सक्नुहुन्छ ।

**आपत्तिजनक तथा घृणा फैलाउने खालका सामाग्रीबाट बँच्नुहोस**

युट्युबमा कुनै पनि यस्ता सामग्रीहरु पोस्ट नगर्नुहोस् जो आपत्तिजनक हुनुका साथै समाजमा घृणा फैलाउने काम गर्दछन् । यदि तपाईंले पहिलोपटक यस्तो गल्ती गर्नुभएको हो भने युट्युबले तपाईंलाई सूचना दिनेछ । दोस्रोपटक गल्ती गर्दा चाहिं तपाईंको युट्युब च्यानलाई स्ट्राइक प्राप्त हुन्छ । यदि तपाईंको युट्युब च्यानलमा तीनवटा स्ट्राइक प्राप्त भयो भने युट्युब च्यानल सधैंका लागि बन्द गरिनेछ ।

**युट्युबका नियमहरुलाई सही ढंगले पढ्नुहोस**




भिडियो अपलोड गर्नुभन्दा अगाडि युट्युबका सबै निर्देशिकालाई ध्यानपूर्वक पढ्नुहोस् । युट्युबले प्लाटफर्ममा के गर्न सकिन्छ र के सकिंदैन भनेर प्रष्ट रुपमा बताएको छ । नियमहरुको उल्लंघन गर्नु तपाईंको च्यानलका लागि भारी पर्नसक्छ र तपाईंको अकाउन्ट बन्द हुनसक्छ ।

**अश्लील सामग्रीबाट टाढै रहनुहोस**

युट्युबमा गीत, कमेडी तथा अन्य प्रकारका भिडियोहरु अपलोड गर्नु सामान्य कुरा हो । तर अश्लील तथा आपत्तिजनक सामग्रीहरु पोस्ट गर्न चाहिं सख्त मनाही छ । यसो गर्नुभयो भने युट्युबले कुनै चेतावनी बिना नै तपाईंको युट्युब च्यानल बन्द गरिदिन सक्दछ ।

**कपिराइट नियमहरुको उल्लंघन नगर्नुहोस**

यदि तपाईंले अनुमति बिना कुनै गीत, भिडियो क्लिप वा अन्य प्रतिलिपि अधिकारयुक्त सामग्रीको प्रयोग गर्नुभयो भने त्यस्तो कामलाई युट्युबको कपिराइट नियमको उल्लंघन मानिन्छ । यसको सिधा नतिजा भनेको तपाईंको च्यानल निलम्बन वा बन्द हुनसक्छ ।

**धार्मिक भावनाहरुमा चोट पुऱ्याउने भिडियो नराख्नुहोस**

युट्युबमा धार्मिक भावनाहरुमा ठेस पऱ्याउने कुनै पनि प्रकारका भिडियोहरु पोस्ट गर्नबाट बँच्नुहोस् । यस्तो गर्दा तपाईंको अकाउन्ट सधैंका लागि बन्द हुनसक्छ ।

*-अनलाइन खबर डटकम*

# नासाको पार्कर सोलार पुग्यो सुर्यको बायुमण्डलमा

अमेरिकी अन्तरिक्ष एजेन्सी नासाको पार्कर सोलार प्रोब अन्तरिक्ष यान मंगलबार (डिसेम्बर २४) मा सूर्यको सबैभन्दा नजिक पुगेको छ । नासाका अनुसार मंगलबार सूर्यको सतहबाट ३.८ मिलियन माइल मात्र टाढा भएको छ, जुनबेला पार्कर सोलारको गति ४३ हजार माइल प्रति घण्टाको थियो । विज्ञहरूले यसलाई सूर्य छुनु जस्तै भनेका छन् । यस मिशनको उद्देश्य सूर्यको बारेमा जानकारी सङ्लन गर्नु हो। यसले पृथ्वीमा जीवनको उत्पत्ति र बह्माण्डमा अन्यत्र जीवनको सम्भावना बुझ्न मद्दत गर्न सक्छ। यो मिसनले अन्तरिक्ष यात्रीहरू र उपग्रहहरूलाई असर गर्न सक्ने सौर्य आँधीहरूको भविष्यवाणी गर्न पनि सहयोगी हुनेछ । बिजनेस इनसाइडरको रिपोर्टका अनुसार नासाले पार्कर सोलार प्रोबलाई सन २०१८ मा प्रक्षेपण गरेकको थियो । र, यसले अहिलेसम्म सूर्यको २१ पटक परिक्रमा गरिसकेको छ । अब ६ वर्षपछि डिसेम्बर २४ को सबैभन्दा विशेष दिन भएको हो । यस दिन अन्तरिक्ष यान सूर्यको नजिक पुग्ने कुनै पनि मानव निर्मित वस्तु भएको छ । जसअनुसार यो सूर्यको सतहबाट ३.८ मिलियन माइल टाढा मात्रै हुनेछ। यो पृथ्वीबाट धेरै टाढा लाग्न सक्छ तर यो अन्तरिक्ष मापनमा भने धेरै नजिक हो । यसलाई यसरी सोच्नुहोस्य, दि पृथ्वी र सूर्य फुटबल मैदानको दुई छेउमा थिए भने पार्कर सोलार प्रोबको अबस्थिति सूर्यतर्फ ४-यार्ड लाइन बराबरमा रहेको मानिनेछ ।

**यो मिशन किन विशेष ?**

नासाको विज्ञान मिशन निर्देशनालयको हेलियोफिजिक्स डिभिजनका निर्देशक जो



वेस्टलेक भन्छन्, 'यतिखेर पार्कर सोलार प्रोब सूर्यको ४- यार्ड लाइनमा छ । यो यति नजिक छ कि यो वास्तवमा सूर्यको माथिल्लो वायुमण्डलमा छ । हामी वास्तवमा एक मिसनसँग पहिलो पटक सूर्यलाई छोएका छौं ।' उनका अनुसार सूर्यको नजिक पुगेको यस यानले १८०० डिग्री फरेनहाइटको तापक्रमको सामना गरेको थियो । वेस्टलेक भन्छन्, 'यो चिन्ताको विषय होइन किनभने अन्तरिक्ष यानले २५ हजार डिग्री फरेनहाइट भन्दा बढी तापक्रम सामना गर्न सक्छ ।' नासाका प्रवक्ताले सूर्यसँग अन्तरिक्ष यानको यो नजिकको भेट वर्षौंको योजनाको परिणाम हो र यसको विशेष डिजाइनका कारण सम्भव भएको बताए । सानो कार आकारको पार्कर सोलार प्रोब बिस्तारै सूर्यको नजिक हुँदैछ । सेप्टेम्बर २०२० मा यो सूर्यको सतहबाट ८.४ मिलियन माइलको दूरीमा थियो । सेप्टेम्बर २०२३ सम्म यो ४.५ मिलियन माइल भित्र पुग्यो । यस पछि २४ डिसेम्बर २०२४ मा सबैभन्दा नजिक पुगेको हो । वैज्ञानिकहरूले पार्कर सोलार प्रोबको निकट कक्षमा सूर्यमा ठूलो विस्फोट भएको बताएका छन् । विज्ञहरूले यसलाई सौर्य ज्वालाहरू र विस्फोटहरू अध्ययन गर्ने राम्रो अवसरका रूपमा लिएका छन् ।

पार्कर सोलार प्रोबले यति धेरै डाटा सङ्कलन गरेको छ कि यसको अध्ययन गर्न दशकौं लाग्नेछ । यो मिसन २०२५ मा अझ नजिकवाट दुई चक्कर पूरा गर्न सक्षम छ । जब कुनै अन्तरिक्ष यान सूर्यको यति नजिक हुन्छ, पृथ्वीसँगको सञ्चार हराउँछ। संचार फिर्ता स्थापित गर्न पर्याप्त टाढा नपुग्दासम्म यो आफ्नै मा उडान जारी रहेको हुन्छ । नासाले पछिल्लो पटक डिसेम्बर २२ मा पार्कर सोलार प्रोबलाई सम्पर्क गरेको थियो । नासाले बिहीबार र शुक्रबार राति फेरि सम्पर्क हुने आशा गरेको छ ।

*-डिसी नेपाल डटकम*

# पाल्पा प्रहरीद्वारा वार्षिक प्रगति विवरण सार्वजनिक



**पाल्पा,** पौष २९/जिल्ला प्रहरी कार्यालय पाल्पाले आर्थिक वर्ष २०८०/०८१ को कार्य प्रगति विवरण सार्वजनिक गरेको छ । जिल्ला प्रहरी कार्यालयले सोमबार पत्रकार सम्मेलन गरी वार्षिक प्रगति विवरण सार्वजनिक गरेको हो ।

२०८० फागुन ७ गते जिल्ला प्रहरी कार्यालय पाल्पामा प्रहरी प्रमुखका रुपमा आएका प्रहरी उपरीक्षक नरेन्द्र चन्दले आफ्नो एक वर्षे कार्यकालमा गरेका गतिविधिका बारेमा जानकारी गएका छन् । उनले सो अवधिमा दर्ता भएका कूल ३ सय १४ मुद्धा मध्ये १ सय ८७ मुद्धा फर्स्यौंट गरेको बताए । जसमा ८५ वटा ज्यान सम्बन्धी मुद्धामा २५ वटा फर्स्यौंट भएको र ६० वटा बाँकी रहेका छन् । १२ जनालाई भने पक्राउ गरिएको छ । यस्तै आत्महत्याका ७४ वटा मुद्धा दर्ता भएकामा २४ वटा फर्स्यौंट र ५० वटा बाँकी रहेको एसपी चन्दले बताए । यस्तै सोही अवधिमा चोरी सम्बन्धिका ३६ वटा मुद्धा दर्ता भएकोमा ३५ वटा फर्स्यौंट भएका छन् भने संगठीत अपराधतर्फ १९ वटा मुद्धा दर्ता भएकामा १६ वटा मुद्धा फर्स्यौंट भएका प्रहरी प्रमुख चन्दले जानकारी दिए । यस्तै सामाजिक अपराधतर्फ ३२ वटा मुद्धा दर्ता भएकोमा ३० वटा फर्स्यौंट भएका छन् । महिला तथा बालबालिकातर्फ २१ वटा मुद्धा दर्ता भएकोमा शतप्रतिशत नै फर्स्यौंट गर्न सफल भएको उनको भनाई छ । सवारी ज्यान सम्बन्धी २३ वटा मुद्धा दर्ता भएकोमा १७ वटा फर्स्यौंट भएका छन् । यस्तै बैंकिङ कसुर, अपराधिक उपद्रवतर्फ २४ वटा मुद्धा दर्ता भएकोमा १९ वटा फर्स्यौंट भएका छन् । एसपी चन्दले एक वर्षको अवधिमा धेरै उपलब्धी हासिल गर्न सफल भएको बताए । उनले अबका दिनमा हरेक महिनामा मासिक प्रगति विवरण समेत सार्वजनिक गर्ने बताए । कार्यक्रममा पत्रकारहरुले टिपरको टाइम कार्ड कार्यान्वयन नहुन नसकेको, ट्राफिक व्यवस्थालाई चुस्त बनाउनुपर्ने,चेकजाँचलाई थप व्यवस्थित बनाउनुपर्ने लगायतका सुझाव दिएका थिए । पत्रकारहरुबाट आएका सुझावहरुलाई आगामी दिनमा कार्यान्वयन गरेर जाने एसपी चन्दले बताए ।

# त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाको क्याम्पस प्रमुखमा डा. पन्त नियुक्त



**पाल्पा,** पौष २९/त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाको क्याम्पस प्रमुखमा डा. टंक प्रसाद पन्त नियुक्त भएका छन् । त्रिभुवन विश्वविद्यालयले गरेको क्याम्पस छनोट प्रक्रियामा उत्कृष्ट भई उप-प्राध्यापक पन्त ४ बर्षे कार्यकाल लागि क्याम्पस प्रमुख नियुक्त भएका हुन् ।

२०५६ सालमा आशिंक प्राध्यापकको रुपमा त्रिभुवन बहुमुखी क्याम्पस तानसेनबाट सेवा शुरु गरेका पन्त २०६२ मा करार सेवामा प्रवेश गरेका थिए । २०६८ सालमा खुला प्रतिष्पर्धाबाट उप-प्राध्यापक स्थायी भएका उनी २०७३ सम्म सोही क्याम्पसमा सहायक क्याम्पस प्रमुख भई काम गरेका गरे । २०७३ साल देखी हालसम्म क्याम्पस व्यवस्थापन समिति र कार्यसमितिमा रही काम गर्दै आएका थिए । क्याम्पस प्रमुखमा नियुक्त भएसँगै पन्तले ४ बर्षे कार्यकालमा क्याम्पसको शैक्षिक, भौतिक गुणस्तर सुधारमा लाग्ने शितलपाटीसँगको कुराकानीमा बताए । स-साना योजनाहरु पुरा गर्दै लुम्बिनी प्रदेशकै उत्कृष्ट क्याम्पस बनाउने गरी विश्वविद्यालयमा सोधपत्र पेश गरेको र सोही अनुसार कार्ययोजना बनाएर पुर्व क्याम्पस प्रमुख, पाल्पाका शिक्षाविद्हरु, स्ववियु, विधार्थी संघ संगठनहरुको राय, सल्लाह सुझाव लिएर, सहमति, सहकार्यबाट क्याम्पसको गुणस्तर सुधारमा पहिलो प्राथमिकता रहने उनको भनाई छ । क्याम्पसमा दरवन्दी अनुसार कर्मचारी, प्राध्यापकहरु नहुँदा, दैनिक कामकाजदेखी सोधखोज, अनुसन्धानमा प्रभाव परेकोले विश्वविद्यालयसँग दरवन्दी अनुसारको पदपुर्ती माग गरेको क्याम्पस प्रमुख डा. पन्तले बताए । उनले २०७९ सालमा कवि माधव प्रसाद घिमिरेको गीतमा ध्वनी विषयमा विद्यावारीधी गरेका हुन् ।




## खेलकुद समाचार

### नेपाली महिला टोली वेस्ट इन्डिजसँग ९ रनले पराजित



**काठमाडौं,** पौष २९/आईसीसी १९ वर्षमुनिको महिला टी-२० विश्वकप क्रिकेटअघिको अभ्यास खेलमा नेपाल वेस्ट इन्डिजसँग ९ रनले पराजित भएको छ । वेस्ट इन्डिजले दिएको १ सय १० रनको लक्ष्य पछ्याएको नेपाल १९ ओभर १ बलमा १ सय रनमा अलआउट भयो । नेपालकी सिमाना केसीले २३ तथा कप्तान पूजा महतो र किरण कुँवरले समान १८ रन बनाए । वेस्ट इन्डिजकी तृषा हार्दत, आलियाह वीकिस र आमियाह गिल्बर्टले २/२ विकेट लिए । यसअघि मलेसियामा टस जितेर ब्याटिङ गरेको वेस्ट इन्डिजले २० ओभरमा ४ विकेट गुमाएर १ सय ९ रन बनायो । वेस्ट इन्डिजकी समरा रमनाथले २५, असबी कलेन्डेरले २३ रन बनाए । नेपालकी रचना चौधरी र सिमाना केसीले १/१ विकेट लिए । नेपाली टोलीले दोस्रो अभ्यास खेलमा पर्सि माघ २ गते अमेरिकासँग खेल्नेछ । गएको महिना भएको १९ वर्षमुनिको एशिया छनोटमा च्याम्पियन बन्दै नेपालले पहिलो पटक विश्वकपमा स्थान बनाएको हो । १९ वर्षमुनिको महिला टी-२० विश्वकप आउँदो माघ ५ देखि माघ २० गतेसम्म चल्नेछ । प्रतियोगितामा १६ वटा टोलीलाई चार वटा समूहमा विभाजन गरिएको छ । नेपाल रहेको समूह 'डी' मा अस्ट्रेलिया, बङ्गलादेश र स्कटल्यान्ड छन् । नेपालले पहिलो खेलमा माघ ५ गते बङ्गलादेशसँग खेल्नेछ ।

## अर्थ /कर्पोरेट समाचार

# तरकारीखेतीबाट वार्षिक छ लाखभन्दा बढी आम्दानी



**वालिङ (स्याङ्जा),** पौष २९/यहाँका एक किसानले व्यावसायिक तरकारी खेतीबाट वार्षिक छ लाखभन्दा बढी आम्दानी गर्दै आएको छ । स्याङ्जाको वालिङ नगरपालिका-१४ हुल्काङका कमलापति डुम्रेले व्यावसायिक तरकारीखेतीबाट राम्रो आम्दानी लिन सफल भएका हुन् ।

खाद्यान्न व्यवसायबाट अपेक्षाकृत आम्दानी नभएपछि उनी तरकारीखेतीमा होमिएका हुन । एघार वर्षअघि 'प्रगतिशील कृषि फर्म' दर्ता गरी तरकारीखेती सुरु गरेका डुम्रेको हालको मुख्य आम्दानीको स्रोत नै यही हो । 'समयानुसारका मौसमी तथा बेमौसमी तरकारी, बिरुवा उत्पादन गरी बिक्री गर्दै आइरहेको छु', उनले भने, 'कृषिबाट नै राम्रो आम्दानी भइरहेको छ ।' डुम्रेले टनेलभित्र र बाहिरी जमिनमा बन्दा, काउली, ब्रोकाउली, सिमी, बोडी, साग, काक्रा, मुला, भेण्टा, घिरौंला,करेला, टमाटर, आलुलगायतका तरकारी उत्पादन र बिक्री गर्दै आएका छन् । उनले हाल झण्डै छ रोपनी जमिनमा तरकारीखेती गर्दै आएका छन् । 'तरकारी तथा बिरुवा बिक्रीबाट एक वर्षमा छ लाख ५० हजार आम्दानी भयो', उनले भने, 'यहाँ उत्पादन भएको ताजा तरकारी बिक्रीका लागि हालसम्म कुनै समस्या भएको छैन, बिक्री भएन भन्ने चिन्ता छैन ।' स्याङ्जा र पर्वतको सिमानामा रहेको हुल्काङबाट सबैभन्दा नजिकको दुरीमा रहेको पर्वतको पैयूँ गाउँपालिकाको हातेमालो चोक बजारमा खपत हुने गरेको छ ।

हातेमालो चोकसँगै केही तरकारीहरु स्याङ्जाको वालिङ बजारमा खपत हुने गरेको उनले सुनाए । वालिङ-हातेमालोचोक जोड्ने सडकको किनारामै भएकाले यहाँ चल्ने सवारीसाधनमार्फत बजारीकरणमा सहज भएको डुम्रेले बताए । डुम्रेले व्यावसायिक तरकारीखेतीसँगै बाख्रापालन, कागती, अमिला जातका फलफूलको खेती पनि गरिरहेका छन् ।

*-रासस*

# आज माघे संक्रान्ति...

...बालकहरू धनु बाँण खेल्दै माघे संक्रान्तिको रौनकता शुरू गर्छन् । माघे संक्रान्ति मेलाको अवसरमा रूरू क्षेत्र रिडीमा मेला लाग्ने गर्दछ । कालीगण्डकी नदीमा स्नान गरी ऋषिकेशको दर्शन गर्दा चार धाम गए बराबरको पूण्य प्राप्त हुन्छ भन्ने विश्वासले पनि पश्चिम नेपालका विभिन्न जिल्लाका साथै भारतका विभिन्न स्थानबाट समेत भक्तजन उक्त रिडी नदीमा पुग्ने गर्दछन् ।

माघे संक्रान्तिको पूर्वसन्ध्यामा तानसेनका विभिन्न ठाउँहरुमा सखरखण्ड, तरुल किन्ने उपभोक्ताहरुको निकै भीड समेत लागेको थियो । विशेष गरी मंक्रर संक्रान्तिमा घिउ, चाकु, तिलको लडडु, तरुल, सखरखण्ड, पिंडालु लगायतका परिकार खाने गरिन्छ । यी परिकारले जाडोमा न्यानो प्रदान गर्ने भएकाले चिसो समयमा पर्ने पर्वमा ताता परिकार खाने गरिएको हो । तरुल चिसो मौसममा नै फल्ने गर्छ र यो स्वास्थ्यका लागि निकै फाइदाजनक मानिन्छ । तरुल गर्मी प्रदान गर्ने तरकारी भएकाले यसलाई चिसो मौसमका लागि निकै उत्कृष्ट खानेकुरा मानिन्छ ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा
विज्ञापन दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई